# विभुषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०४।०३

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ | २०७७।०४।१६ |
| २. विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ | २०७९।०४।०९ |

संवत् २०७६ सालको ऐन नं. ९

## विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेश स्तरमा विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्याउने महानुभावहरुलाई नेपाल सरकारबाट प्रदान गरिने विभूषणको सिफारिस गर्न तथा प्रदेशको तर्फबाट कदर स्वरुप सम्मान र पदक प्रदान गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६" रहेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "विभूषण" भन्नाले प्रचलित संघीय कानून बमोजिम राज्यका तर्फबाट प्रदान गरिने मानपदवी अलङ्कार र पदक सम्झनु पर्छ।

(घ) "सम्मान र पदक" भन्नाले यस ऐन बमोजिम प्रदेश सरकारले प्रदान गर्ने दफा ७ मा उल्लिखित सम्मान र पदक सम्झनु पर्छ।

## परिच्छेद- २

## विभूषण सिफारिस सम्बन्धी व्यवस्था

३. **विभूषणको सिफारिस गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश स्तरमा विशिष्ट योगदान पुर्याउने नेपाली नागरिकलाई विभूषण प्रदान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्नु पूर्व नेपाल सरकारले संघीय कानून बमोजिम सूचना प्रकाशन गरे पश्चात् प्रदेश सरकारले पनि सोही बमोजिम सूचना प्रकाशन गर्न सक्नेछ।

४. **विभूषण सिफारिस समितिः** नेपाल सरकारबाट प्रदान गरिने विभूषणको सिफारिस गर्न प्रदेशस्तरमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य-सचिव

५. <u>**विभूषण सिफारिस प्रक्रियाः**</u> (१) देहायका पदाधिकारी, कर्मचारी वा कुनै व्यक्तिले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्ता पदाधिकारी, कर्मचारी वा व्यक्तिहरुले पुऱ्याएको योगदानको विवरण अनुसूची- १ बमोजिमको ढाँचामा खुलाई नेपाल सरकार समक्ष विभूषणको सिफारिस गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समय भित्र दफा ४ बमोजिमको समितिमा पठाउनु पर्नेछः-

(क) प्रदेश सभा सचिवालयका कर्मचारीहरुको हकमा प्रदेश सभाको सचिवले,

(ख) कुनै मन्त्रालयसँग सम्बन्धित कर्मचारी वा सो मन्त्रालयसँग सम्बन्धित तर सरकारी सेवामा नरहेका कुनै व्यक्तिका हकमा सम्बन्धित मन्त्रालयको मन्त्रीले।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीबाट विभूषणको लागि सिफारिस प्राप्त हुन आएपछि दफा ४ बमोजिमको समितिले आवश्यक छानविन गरी यस ऐन बमोजिम विभूषण प्रदान गर्नका लागि उपयुक्त देखिएका पदाधिकारी, कर्मचारी तथा व्यक्तिहरुको नामावली तथा निजहरुले पाउनु पर्ने विभूषणको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रकार समेत खुलाई विभूषण प्रदान गर्न नेपाल सरकार समक्ष नाम सिफारिस गर्नु पर्नेछ।

६. **विभूषण सिफारिसका आधारः** दफा ४ बमोजिमको समिति समक्ष नेपाल सरकारबाट प्रदान गरिने विभूषणको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) राष्ट्रको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुर्याएको,

(ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी राष्ट्रलाई योगदान पुऱ्याएको,

(ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम प्रशंसनीय रूपमा सम्पादन गरेको,

(घ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण कार्य गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको।

## परिच्छेद- ३
## सम्मान र पदक सम्बन्धी व्यवस्था

७. **सम्मान र पदकः** (१) प्रदेश सरकारले प्रदेशस्तरमा देहायका क्षेत्रहरुमा विशिष्ट योगदान पुऱ्याउने जुनसुकै व्यक्तिहरुलाई पदक सहित सम्मान प्रदान गर्न सक्नेछः-

(क) प्रदेश शिक्षा, स्वास्थ्य तथा खेलकुद,

(ख) प्रदेश कृषि तथा सहकारी,

(ग) प्रदेश उद्योग, पर्यटन विकास तथा वातावरण संरक्षण,

(घ) प्रदेश पूर्वाधार विकास,

(ङ) प्रदेश सूचना तथा सञ्चार,

(च) प्रदेश विज्ञान तथा प्रविधि,

(छ) प्रदेश भाषा, कला तथा संस्कृति र साहित्य,

(ज) प्रदेश सार्वजनिक प्रशासन तथा सुशासन,

(झ) विपद् व्यवस्थापन,

(ञ) समाजसेवा, लोककल्याण।

(२) प्रदेश सरकारले प्रदेश भित्र रही शान्ति र सुरक्षाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली सेना, नेपाल प्रहरी, प्रदेश प्रहरी, ✻प्रदेश अनुसन्धान ब्युरो सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान र स्थानीय तह अन्तर्गतका सुरक्षाकर्मीलाई देहाय मर्यादाक्रमको आधारमा देहायका सम्मान र पदक प्रदान गर्नेछः-

(क) प्रदेश रक्षक

(ख) शान्तिदीप

(ग) शान्तिमाला

(३) उपदफा (१) बमोजिमको क्षेत्र र उपदफा (२) को मर्यादाक्रम बमोजिम प्रदान गरिने सम्मान तथा पदक अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **सम्मान र पदक सिफारिस समितिः** (१) यस ऐनको आधार र मापदण्ड बमोजिम सबै क्षेत्रलाई समेटेर उपयुक्त संख्यामा छनौट गरी प्रदेश सरकार समक्ष दफा ७ मा उल्लिखित सम्मान र पदकको सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

---

✻ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

(क) मन्त्री, आन्तरिक मामिला तथा
कानून मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(ग) प्रदेशमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट समावेशी सिद्धान्तको आधारमा मन्त्रिपरिषद्ले तोकेको एक जना महिला सहित तीन जना -सदस्य

(घ) सचिव,आन्तरिक मामिला तथा
कानून मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक समितिको अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

९. **<u>सम्मान र पदक सिफारिसको अन्य आधारः</u>** (१) दफा ७ बमोजिमको सम्मान र पदकको सिफारिस गर्दा दफा ८ बमोजिमको समितिले दफा ६ मा उल्लिखित आधारका अतिरिक्त देहायका आधार समेत लिनु पर्नेछः-

(क) सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष वा सोभन्दा बढी काम गरेको,

(ख) सम्बन्धित क्षेत्रमा उल्लेख्य योगदान गरी ख्याति प्राप्त गरेको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) सामाजिक रुपान्तरणमा सकारात्मक भूमिका निर्वाह गरेको,

(घ) व्यावसायिक निरन्तरता, रोजगारी सिर्जना तथा गरिबी निवारणमा योगदान गरेको,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारबाट पछिल्लो तीन वर्षमा कुनै विभूषण, सम्मान तथा पुरस्कार नपाएको।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि विपद् व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने व्यक्तिलाई सम्मान र पदक प्रदान गर्दा खण्ड (क) र (ङ) को व्यवस्था लागू हुने छैन।

(३) दफा ८ बमोजिमको समितिले उपदफा (१) को अतिरिक्त त्यस्तो क्षेत्रमा सम्बन्धित व्यक्तिको लागि लोकप्रिय मत संकलनको माध्यमबाट समेत सिफारिस गर्न सक्नेछ।

१०. **सिफारिस तथा घोषणा प्रक्रियाः** ♣(१) दफा ७ बमोजिम प्रदेश सरकारबाट प्रदान हुने सम्मान र पदकको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकायले योग्य ठानेका व्यक्ति, संस्था वा निकायलाई सिफारिसको क्षेत्र र सोको आधार र कारण समेत खुलाई मन्त्रालयले तोकेको सूचित समयावधिभित्र दफा ८ बमोजिमको समितिमा पठाउनु पर्नेछ।

♣(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालय वा निकायबाट प्राप्त सिफारिस समेतलाई मध्यनजर गरी दफा ८ बमोजिमको सिफारिस समितिले सम्मान र पदक पाउने व्यक्ति, संस्था वा निकायलाई सम्मान र पदक पाउने आधार र कारण समेत खोली

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा सिफारिस समितिले उपदफा (१) बमोजिम सिफारिस भई आएका व्यक्ति, संस्था वा निकायको अतिरिक्त उक्त समितिले योग्य ठहऱ्याएका अन्य व्यक्ति, संस्था वा निकायलाई निजको योगदानको कदर स्वरूप आधार र कारण खोली सिधै सिफारिस गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस समितिले सिफारिस गर्दा दफा ७ को क्षेत्र अन्तर्गत प्रदान गरिने सम्मान र पदक एक वा एकभन्दा बढी व्यक्तिहरुलाई प्रदान गर्ने गरी सिफारिस गर्न सक्नेछ।

*(४) उपदफा (२) र (३) बमोजिम गरेको सिफारिस अनुसार प्रदेश सरकारले दफा ११ को उपदफा (१) बमोजिम तोकेको समयावधि भन्दा कम्तिमा एक महिना अगावै त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको घोषणा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश सरकारले गरेको घोषणा यथाशिघ्र कुनै राष्ट्रिय सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

**११. सम्मान र पदक समारोहः** *(१) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्तिलाई प्रदेश प्रमुखले प्रत्येक वर्ष प्रदेश सरकारले तोकेको कुनै सार्वजनिक समारोह, अवसर वा उत्सव पारी पदक सहित सम्मानपत्र प्रदान गर्नेछ।

(२) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्ति त्यस्तो सम्मान र पदक लिन आफैं उपस्थित हुनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

तर कुनै कारणले आफैं उपस्थित हुन नसक्ने भनी जानकारी गराएमा निजको नजिकको हकवालालाई त्यस्तो सम्मान र पदक प्रदान गर्न कुनै बाधा पर्ने छैन।

(३) कुनै व्यक्तिलाई कुनै पदक मरणोपरान्त प्रदान गरिएमा वा पदक पाउने व्यक्तिको प्राप्त गर्नु अगावै मृत्यु भएमा निजको नजिकको हकवालालाई प्रदान गरिनेछ।

## परिच्छेद- ४

## विविध

१२. **विभूषण तथा सम्मान र पदक रद्दको सिफारिस गर्न सक्नेः** (१) प्रचलित विभूषण सम्बन्धी संघीय ऐन बमोजिम प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारबाट विभूषण प्राप्त गरेको कुनै नेपाली नागरिक वा विदेशी व्यक्तिले उक्त ऐनमा उल्लिखित विभूषण रद्द गर्नु पर्ने अवस्था देखिएमा सो व्यहोरा खुलाई नेपाल सरकार समक्ष त्यस्तो विभूषण रद्द को सिफारिस गर्न सक्नेछ।

(२) देहायको अवस्थामा प्रदेश सरकारले दफा ७ को उपदफा (१) बमोजिम प्रदान गरेको सम्मान र पदक रद्द गर्न सक्नेछः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वतन्त्रता विरुद्धको कार्य गरेमा,

(ख) नेपालको सार्वजनिक शान्ति र सुरक्षामा खलल पार्ने कार्य गरेको प्रमाणित भएमा,

(ग) लैङ्गिक, जातीय, धार्मिक तथा साम्प्रदायिक विद्वेष फैलाएको प्रमाणित भएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारको अहित हुने कार्य गरेको प्रमाणित भएमा,

(ङ) संघीय वा प्रदेश वा स्थानीय कानूनको विपरीतका कार्य गरेको प्रमाणित भएमा।

(३) उपदफा (२) बमोजिम सम्मान र पदक रद्द गरिएमा प्रदेश सरकारले त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको नाम र रद्द गरिएको सम्मान र पदक समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नु पर्नेछ।

**१३. <u>सम्मान र पदक स्वेच्छाले फिर्ता गर्न सक्नेः</u>** यस ऐन बमोजिम प्राप्त गरेको कुनै सम्मान र पदक स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो सम्मान र पदक मन्त्रालयमा बुझाउनु पर्नेछ।

**१४. <u>सम्मान र पदक सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकहरुको ढाँचा, ✂....., आकार र प्रकार नेपाल सरकारबाट प्रदान गरिने विभूषणसँग मेल नखाने गरी प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) दफा ७ बमोजिम प्रदान गरिने सम्मान र पदकको संख्या प्रदेश सरकारले ♣<u>सम्मान र पदक प्रदानको घोषणा गर्दाका बखत निर्धारण गरेको सङ्ख्या</u> बमोजिम हुनेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♣ पहिलो संशोधनद्वारा संशोधित।

+(३) यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकको ढाँचा, आकार र प्रकार अनुसार लाग्ने लागत र सोमा प्रयोग हुने धातुको मात्रा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

**१५.** **सम्मान र पदकमा थपघट गर्न सक्ने:** प्रदेश सरकारले आवश्यकता अनुसार अनुसूची- २ मा उल्लिखित सम्मान र पदकको सङ्ख्या, आकार, प्रकार तथा बनोटमा थपघट वा हेरफेर गर्न सक्नेछ।

**१६.** **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकको सम्बन्धमा प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

+ पहिलो संशोधनद्वारा थप।

# अनुसूची- १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## विभूषण सिफारिस फारामको ढाँचा

बागमती प्रदेश सरकार

........................ मन्त्रालय/सचिवालय/आयोग/विभाग

नामः

दर्जाः (सरकारी सेवामा कार्यरत रहेको भए)

कार्य क्षेत्र र कामको विवरणः (सरकारी सेवा बाहेक अन्य क्षेत्रमा कार्यरत व्यक्तिको हकमा)

सरकारी सेवामा कार्यरत व्यक्तिको हकमाः

प्रथम नियुक्तिको दर्जा र उमेरः

हालको दर्जामा बढुवा भएको मिति र उमेरः

जम्मा सेवाः

पहिले नै विभूषण पाइसकेको भए विभूषणको नाम र मितिः

विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नु पर्ने कारण/आधार र सो कुरा पुष्टि गर्ने पूर्ण विवरणः

सिफारिस गर्नेको हस्ताक्षरः

नामः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# अनुसूची- २

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

## सम्मान र पदक

| क्र.सं. | सम्मान र पदकको क्षेत्र | | सम्मान र पदक |
|---|---|---|---|
| १ | प्रदेश शान्ति तथा सुरक्षा | | प्रदेश रक्षक |
| | | | शान्तिमाला |
| | | | शान्तिदीप |
| २ | प्रदेश शिक्षा, वास्थ्य तथा खेलकुद | शिक्षा तर्फ | प्रदेश दीप |
| | | स्वाथ्य तर्फ | मृत्युञ्जय |
| | | खेलकुद तर्फ | प्रदेश शान |
| ३ | प्रदेश कृषि तथा हकारी | कृषितर्फ | कृषि किरण |
| | | सहकारी तर्फ | सहकारी प्रवर्द्धन |
| ४ | प्रदेश उद्योग, पर्यटन विकास तथा वातावरण संरक्षण | उद्योग तर्फ | उद्यमशीलता |
| | | पर्यटन तर्फ | प्रदेशद्रष्टा |
| | | वातावरण तर्फ | वातारण संरक्षण |
| ५ | प्रदेश पूर्वाधार विकास | | विकास सेवी |
| ६ | प्रदेश सूचना तथा सञ्चार | | प्रदेशदूत |
| ७ | प्रदेश विज्ञान तथा प्रविधि | विज्ञान तर्फ | अन्वेषण |
| | | प्रविधि तर्फ | नव प्रवर्तन |
| ८ | प्रदेश भाषा, कला तथा संस्कृति र साहित्य | भाषा तर्फ | सुभाषिक |
| | | कला तर्फ | कलाकीर्ति |
| | | संस्कृति तर्फ | संस्कृतिदीप |
| | | साहित्य तर्फ | प्रदेश श्रष्टा |
| ९ | प्रदेश सार्वजनिक प्रशासन तथा सुशासन | | जनसेवा |
| १० | विपद् व्यवस्थापन | | विपद्सेवी |
| ११ | समाज सेवा, लोककल्याण | | प्रदेश परोपकार |

<u>द्रष्टव्य:</u> मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय